# उत्पिडन र दुर्व्यवहार

## आमा बुवा वा अभिभावकहरुले के थाहा पाउनु पर्छ

- **हामीले के को बारे कुरा गरीरहेका छौँ।**

**उत्पिडन भनेको के हो?** सब्बै संघर्श उत्पिडन होइन। उत्पिडन उग्र हुन्छ, व्यापक वा लगातार हुने व्यवहार हो जस्ले विद्यार्थीको शिक्षा वा बिद्यालयको बातावरण सँग एकदम हस्तक्षेप गर्छ। उत्पिडन हुँदा एउटा व्यक्तिले अर्को व्यक्तिको माथि बारम्बार आफ्नो शक्तीको दुरुपायोग गर्दछ।

**दुर्व्यवहार भनेको के हो?** कोही व्यक्तिको लिङ, उमेर, जाती, यौन अभिमुखिकरण, लिङ अभिव्यक्ति, मुल राष्ट्र, धर्म, अपाङ्ग अवस्था, अंङ्रेजी भाषा प्रविणता, सामाजिक र आर्थिक अवस्था, राजनीतिक बिचारको कारण अप्रिय मौखिक, लिकित, चैत्रिक वा स्वाथिक व्यवहारलाई दुर्व्यवहार भनिन्छ।

- **आमा बुवा वा अभिभावकहरुले के गर्नु पर्ने हुन्छ?**

तपाईंको बालकलाई उत्पिडन र दुर्व्यवहार निषेधित छ भनेर भन्नु होला। उत्पिडन र दुर्व्यवहार गर्न गलत हो, उनिहरुले गर्नु हुँदैन, र यदी उनिहरु माथि भएको खण्डमा उनिहरुले आफ्नो शिक्षकलाई भन्नु पर्ने हुन्छ।

हामीले के भन्न खोजेको भनेर बुझाउन सब्बै भन्दा राम्रो तरिका उदाहरण दिएर हो। कसैको जात, मातृभाषा वा यौन अभिमुखिकरणको कारण जिस्काउन वा धम्की दिन ठीक होइन-यो दुर्व्यवहार हो! ईन्टरनेटमा कसैलाई धम्की दिनु ईन्टरनेट मा उत्पिडन हो!

- **यदी तपाईंलाई तपाईंको बालक माथि उत्पिडन वा दुर्व्यवहार गरेको शन्खा भएको खण्डमा तपाईंले यो गर्नु पर्छ:**

तपाईंको बालकको शिक्षक वा बिद्यालयको प्रशासकलाई अवस्थाको बारे विवरण दिनु होला। तपाईंको बालकलाई: को समावेश थियो, उस्ले के गर्‍यो, यो कुरा कहिले र कहाँ भयो भनेर सोध्नु होला। बिद्यालय जिल्लाको उत्पिडन र दुर्व्यवहार रिपोर्ट र अनुसन्धान फारम भर्नु होला। (यो बिद्यालय र बिद्यालय जिल्लाको वेबसाईट मा उपलब्ध छ:

http://webgui.phila.k12.pa.us/offices/l/language-nepali/-allegation-of-bullying । यदी तपाईंलाई अनुवाद सेवा चाहिएको खण्डमा कृपया बिद्यालयलाई भन्नु होला। यदी प्रतिक्रिया नभएको खण्डमा बिद्यालय जिल्लाको होटलाइन २१५ ४०० **SAFE** मा संपर्क गर्नु होला।

आफ्नो बालकलाई शिक्षक सँग सहयोग, सल्लाह्कार सँग सम्मेलनको अनुरोध गर्न र उत्पिडन गर्ने व्यक्ति बाट टाढा रहन सकारात्मक बिचारहरु प्रदान गर्नु होला।

कस्तो कुराहरु काम गर्दैन? तपाईंको बालकलाई झगडा गर्न प्रोत्साहन गरेको । तपाईंको बालकलाई ध्यान नदिन प्रोत्साहन गरेको। उत्पिडन गरेको बालकको नजिक जाने।

## ➢ तपाईंले कस्तो कुराको आपेक्षा गर्नु पर्ने छ?

भएको झगडा, सम्बोधन गर्नु पर्ने उत्पिडन, दुर्व्यवहार वा अरु व्यवहारहरु हो वा होइन भनेर बिद्यालय अनुसन्धान गर्नु पर्ने हुन्छ। तपाईंलाई अनुसन्धानको परिणामको बारे जानकारी प्रदान गरिन्छ र तपाईंले लिनु पर्ने कदमहरुको बारे पनि जानकारी प्रदान गरिन्छ। तर गोपनियताको नियम अनुसार अर्को विद्यार्थीको अनुशासन र हस्तक्षेप बारे जानकारी बाँड्न निषेध गरिन्छ।

## ➢ प्रश्नहरु?

तपाईंको बालकको शिक्षक र प्रधानाध्यापक सँग कुरा गर्नु होला। यि समस्याहरु बारे छलफल गर्न बर्ष भरी आमा बुवा सम्मेलनमा जानु होला। उत्पिडन र दुर्व्यवहार भएको खण्डमा जिल्लाको अनुपालना अधिकारी डायान शेर लाई २१५ ४०० ५६१० , dbsher@philasd.org मा संपर्क गर्नु होला।